आर्थिक बर्ष : २०८०/८१
बैठक संख्या :१२

आज मिति २०८०/११/१८ गतेका दिन विरुवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा गाउँकार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख
श्री दिपक ढुंगाना प्रशासन सहायक
श्री शंकर चापागाई आर्थिक प्रशासन शाखा प्रमुख
श्री सन्तोस पौडेल कार्यालय सहयोगी

(मिति २०८०/११/१८)

प्रस्ताव नं. १

रिट निवेदक धन बहादुर राना समेत भई विरुवा गाउँपालिकाको कार्यालय विरुद्ध सम्मानित उच्च अदालत पोखरामा २०८०/१०/२९ गते दायर गरेको 080-W0-0105 नम्बरको उत्प्रेषण परमादेश समेत मुद्धा सम्वन्धमा।

निर्णय नं. १

क. रिट निवेदक धन बहादुर राना समेत भई यस विरुवा गाउँपालिकाको कार्यालय विरुद्ध सम्मानित उच्च अदालत पोखरामा २०८०/१०/२९ गते दायर गरेको 080-W0-0105 नम्बरको उत्प्रेषण परमादेश समेत मुद्धामा उच्च अदालत पोखरावाट लिखित जवाफ पेश गर्नुहोला भन्ने मिति २०८०/११/०1 गतेको आदेशवमोजिम मिति २०८०।११।०३ मा १५ दिने म्याद जारी भै मिति २०८०।११।१३ मा तामेल भएकोले सोही मितिले उच्च अदालत पोखरामा म्यादै भित्र लिखित जवाफ दर्ता गर्न विरुवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय-१, विरुवा गाउँपालिका ३ नं. वडा कार्यालय-१ र विरुवा गाउँपालिका वडा नं. ३ का वडाअध्यक्ष मनुकुमारी राना-१ समेत ३ जनाको तर्फवाट उच्च अदालत पोखरामा लिखित जवाफ दर्ता गर्न गाउँपालिकाको कार्यालय विरुवामा सहायक पाँचौ पदमा कार्यरत दिपक ढुङ्गानालाई अख्तियार प्रदान गर्ने र विरुवा गाउँपालिका वडा नं. ३ का वडाअध्यक्ष मनुकुमारी रानाको तर्फवाट समेत नीज दिपक ढुङ्गानालाई वारेश अख्तियारनामा दिने निर्णय गरियो ।

ख. प्रस्तुत मुद्धामा यस विरुवा गाउँपालिकाको तर्फवाट सम्मानित उच्च अदालत पोखरामा उपस्थित भई विरुवा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय-१, विरुवा गाउँपालिका ३ नं. वडा कार्यालय-१ र विरुवा गाउँपालिका वडा नं. ३ का वडाअध्यक्ष मनुकुमारी राना-१ समेत ३ जनाको तर्फवाट बहस पैरवी गर्न अधिवक्ता श्री महेन्द्रमान श्रेष्ठ (व्यथित) लाई कानुन व्यवसायीमा मुकरर गर्ने निर्णय गरियो ।

ग. उल्लेखित मुद्दाको शिलशिलामा कानुनविदलाई दिनुपर्ने सेवा परामर्श वापतको शुल्क तथा मुद्दासंग सम्बन्धित सम्पूर्ण खर्चहरु गाउँपालिकाको कार्यलयवाट वेहोर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ विविध

निर्णय नं. २

क. ४२ औं मगर एकता दिवसका अवशरमा कार्यक्रम संचालनका लागि पेश गरेको प्रस्तावनाउपर छलफल गरी नेपाल मगर संघ विरुवा गाउँसमितिलाई लागि रु २०,०००/- आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

CamScanner

ख. विरुवा गाउँपालिका वडा नं. ८ मेथाभुरुङ्ग स्थित मेथाभुरुङ्ग खानेपानी योजनाको मर्मत संभारका लागि गाउँपालिका स्तरीय फुटकर योजना बजेट शीर्षकबाट रु ४०,०००/- उपलब्ध गराउने निर्णय गरियो

ग. विरुवा गाउँपालिकाको आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रमको सि.नं ६० मा समावेश पर्यटन प्रर्वद्धन कार्यक्रम कार्यान्वयनका लागि मिलेनियम ट्रेक व्यवस्थापन समितिलाई जिम्मा दिने निर्णय गरियो।

CamScanner